मितिः २०८१/१०/२८

समय : बिहान ०८ बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | | |
|---|---|---|
| श्री देवकृष्ण पुडासैनी | इन्द्रसरोवर गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| श्री उमा कुमारी लामा | इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष | -उपाध्यक्ष |
| श्री सुवास थापा मगर | १ न. वडा अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | २ न. वडा अध्यक्ष | -सदस्य |
| श्री प्रताप भोम्जन | ३ न. वडा अध्यक्ष | -सदस्य |
| श्री चन्द्र कुमार बल | ४ न. वडा अध्यक्ष | -सदस्य |
| श्री दुतराज तितुङ | ५ न. वडा अध्यक्ष | -सदस्य |
| श्री लिला सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री शोभा कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सानुकान्छी स्याङतान | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सावित्री सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामकृष्ण कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सम्झना परियार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामचन्द्र लामा | प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

सहयोगी कर्मचारीः

१. श्री दीपक चापागाईः प्रशासन शाखा प्रमुख

२. श्री सन्तोष बन्जाराः आर्थिक प्रशासन शाखा प्रमुख

कार्यालय सहयोगीः

३. श्री डिल बहादुर गोले

४. श्री कुमार थिङ लामा

*कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः*

१. **कालिका मा. वि. को छात्रवासको ठेक्का आह्वान गर्ने सम्बन्धमाः**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ को विनियोजित बजेट कार्यान्वयनका लागि यस गाउँपालिकाको वडा नं ४ स्थित कालिका माध्यमिक विद्यालयको छात्रवासको ठेक्का आह्वान गर्ने निर्णय गरियो।

२. **खड्बु वृहत खानेपानी योजनाको म्याद थप गर्ने सम्बन्धमाः**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०७८/०७९ को विनियोजित बजेटको कार्यान्वयन गर्ने सन्दर्भमा योजना सम्पन्न नभएको र भुक्तानी समेत हुन नसकेको र उक्त सम्पन्न नभएको योजना सम्पन्न गर्नका लागि म्याद थप गर्न निवेदन प्राप्त भएकोले २०८२ असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

३. **वडा नं १ र २ को ढुङ्गा गिट्टी, वालुवा, अमानतमा दिने सम्वन्धमाः**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाका आ. ई. ई. गरिएका क्षेत्रहरु वडा नं १ र २ का ठेक्का आह्वान गरिएका क्षेत्रहरुमा ठेक्का नलागेकोले उक्त क्षेत्रहरुको ढुङ्गा गिट्टी वालुवाको राजश्व विहान ८ बजेदेखी ५ बजेसम्म अमानतमा संकलन गने, अमानतमा राजश्व संकलन गर्नका लागि गाउँपालिका र वडा कार्यालय अन्तर्गतका कर्मचारी परिचालन गर्ने र अमानतमा राजश्व संकलन गर्ने कार्यमा अनियमितता हुन नदिन विभिन्न स्थानमा सि.सि. टि.भी जडान गर्ने निर्णय गरियो।

४. **विविधः**

१. वडा नं २, ३ र ४ को ज्यामिरे सडक सम्बन्धमाः

प्रस्ताव नं ४ (१) माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ को विनियोजित बजेट कार्यान्वयनका लागि ज्यामिरे सडक वडा नं २, ३ र ४ अन्तर्गतको भूभाग मध्ये प्राविधिक लागत अनुमान बमोजिम ठेक्का आह्वान गर्ने निर्णय गरियो।